Regd. No. 3109, COP No.3148 B

PAN: [illegible]

केपी पौडेल एण्ड एशोसिएट्स
KP PAUDEL & ASSOCIATES
*(Registered Auditors)*

Simara, Bara, Nepal
Phone: 053-520403, 98550-22875
e-mail : kpbara2012@gmail.com

मितिः २०७४।०५।१५ गते ।

# गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विरगंज १३, पर्साको

शेयर सदस्य महानुभावहरुसमक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **श्री गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, विरगंज १३, पर्साको २०७४ आषाढ मसान्तको वासलात र सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेको ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीबाट नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभुतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवम् वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो परीक्षणबाट हाम्रो लेखापरीक्षण मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवम् स्पष्टीकरणको साथै मांग गरेको विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौं । संस्थाको हिसाव किताव तथा स्रेस्ता प्रचलित कानून वमोजिम राखिएका छन । संलग्न वासलात र आय विवरण तोकेको ढांचामा तयार भएको र सो विवरणहरु संस्थाको लेखा नीति र विवरणहरुसंग मेल खाएको छ ।

४. हाम्रो रायमा संलग्न वित्तीय विवरणले (यस प्रतिवेदनको प्रमुख लेखा नीति तथा टिप्पणी र सहकारी विभागले जारी गरेको मापदण्डवमोजिम लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित टिप्पणीवाहेक) २०७४ आषाढ मसान्तको आर्थिक अवस्था र उल्लेखित मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरणको उचित एवं यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो विचारमा हामीलाई उपलव्ध गराईएको स्पष्टीकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाव कितावको परीक्षणबाट संस्थाको (यस प्रतिवेदनको प्रमुख लेखा नीति तथा टिप्पणी र सहकारी विभागले जारी गरेको सूचना वमोजिम लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित टिप्पणीवाहेक) संस्थाको सञ्चालक समितिका पदाधिकारी वा कर्मचारीले लेखासंग सम्वन्धित कानूनी व्यवस्था विपरित कामकाज गरेको वा संस्थाको वेहिसाव गरेको वा संस्थाको हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

केपी पौडेल एण्ड एशोसिएट्स
सिमरा, बारा

Regd. No. 3109, COP.No.3148 B

*PAN: 300899618*

# केपी पौडेल एण्ड एशोसिएट्स
# KP PAUDEL & ASSOCIATES
*(Registered Auditors)*

Simara, Bara, Nepal
Phone: 053-520403, 98550-22875
e-mail : kpbara2012@gmail.com

## गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विरगंज १३, पर्साका

सहकारी मापदण्ड २०६८ को दफा ४६(१) र अनुसुचि ४ वमोजिम
लेखापरीक्षण लङ्गफर्म प्रतिवेदन
आ. व. २०७३।०७४

१. संस्थाको नाम ठेगाना: गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड विरगंज १३, पर्सा ।

२. कार्यक्षेत्र: विरगंज उपमहा नगरपालिका लगायत २५ गा. वि. स.हरु, पर्सा ।

३. कुल सदस्य संख्या: ११६२
   - ३.१: महिलाको संख्या: ४३०
   - ३.२: पुरुषको संख्या: ७३२

४. कर्मचारीको संख्या: १६ जना

५. कुल चुक्ता शेयर पुंजी रु. ३४,६९,९००।००

६. कुल बचत संकलन रु.

| | |
|---|---|
| गत आ. व. को बांकी | रु. २,१३,६४,०८१।३० |
| यस आ. व. मा संकलन | रु. १२,५९,१०,६०३।८० |
| यस आ. व. मा फिर्ता | रु. ११,७२,२९,१४७।६६ |
| फिर्ता गर्न बांकी | रु. ३,००,४५,५३७।४४ |

७. कुल ऋण लगानी रु.

| | |
|---|---|
| गत आ. व. मा लगानीमा रहेको रकम: | रु. ३०,१५५,९२६।०५ |
| चालु आ. व. को लगानी | रु. ६१,३०१,२२६।३० |
| चालु आ. व. को असुली | रु. ४५,०८४,६१४।३२ |
| यस आ. व. मा लगानीमा रहेको रकम | रु. ४६,३७२,५३८।०३ |

८. ऋण लगानीका प्रमुख चार क्षेत्रहरु

| लगानीको क्षेत्र | रकम |
|---|---|
| व्यापार | रु. २४,२१२,१६०।०५ |
| कृषि | रु. १,९८९,७०७।०० |
| लघु कर्जा | रु १२,६२०,२७०।०० |
| हायरपर्चेज | रु. ४,३०९,०१९।६८ |

९. लिने दिने व्याजदरवीचको औसत फरक (%): ६ प्रतिशत

१०. बचत तथा ऋण नीति वा निर्देशिका भए नभएको: रहेको छ ।

Regd. No. 3109, COP.No.3148 B

PAN: 300899618

# केपी पौडेल एण्ड एशोसिएट्स
# KP PAUDEL & ASSOCIATES

*(Registered Auditors)*

Simara, Bara, Nepal
Phone: 053-520403, 98550-22875
e-mail : kpbara2012@gmail.com

११. लेखा समिति प्रभावकारी भए/नभएको: भएको ।
प्रभावकारी भए मापदण्ड वमोजिम काम गरेको छ ।

१२. सञ्चालक समिति, लेखा समिति र प्रमुख व्यवस्थापकहरुमा नाता गोताभित्रका व्यक्तिहरु भए नभएको: नाता छैन ।

१३. ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको/ नगरेको: सेवा शुल्क लिएको छैन ।
तर व्यवस्थापन शुल्कको रुपमा एक प्रतिशत मात्र लिने गरेको छ ।

१४. सञ्चालक समिति, लेखा समिति र प्रमुख व्यवस्थापकले लिएको पारिश्रमिक भत्ता र अन्य सुविधाहरु:
सञ्चालक समिति र लेखा समितिलाई कुनै सुविधा दिइएको छैन ।
सञ्चालक समिति र लेखा समिति वैठकमा खाजास्वरुप महिनाको एक वैठकमा रु. ३००।०० दिने गरिएको छ ।
व्यवस्थापकलाई मासिक रु. १९,६००।०० पारिश्रमिक दिइएको छ । अन्य केही छैन ।

१५. कार्यक्षेत्र बाहिरका व्यक्ति तथा निकायहरुसंग बचत तथा ऋण कारोवार गरे/नगरेको: गरेको छैन ।

१६. नियमानुसार शेयर पूंजीको १५ प्रतिशत भन्दा बढी हुने गरी अन्य कुनै शिर्षकवाट शेयर सदस्यहरुलाई रकम बांडेको छैन ।
शेयर सदस्यलाई १५ प्रतिशत लाभांश वितरण गरिएको छ । शेयर लाभांश कोष र पूंजी फिर्ता कोषवाट वितरण गरिएको छ ।

१७. प्राकृतिक व्यक्ति वाहेक अन्य निकायहरुमा ऋण वा शेयर लगानी भएको छ । जुन यस प्रकार छ:

| निकायको नाम र ठेगाना | उद्धेश्य | रकम | मिति |
|---|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | | ११,०००।०० | |
| राष्ट्रिय सहकारी बैक | | ३००,०००।०० | |
| जिल्ला सहकारी संघ, पर्सा | | ६,०००।०० | |

१८. ऋण वा शेयर वापत लगानी गरिएको निकायहरुमा सञ्चालकहरुको संलग्नताको अवस्था: रहेको ।
पर्सा बचत तथा ऋण सहकारी संघ लिमिटेडमा यस संस्थाको व्यवस्थापक श्री रविभुषण श्रीवास्तव ऋण समितिको सदस्य रहनु भएको ।

१९. अन्य कारोवारहरु: नगरेको ।

२०. सञ्चालकहरु अन्य वित्तिय वा व्यवसायिक निकायको सञ्चालक पदमा रहेको भए उक्त निकायको नाम र पद: छैन ।

२१. सञ्चालक समिति, लेखा समिति सदस्य र उपसमिति सदस्यहरु अन्य समान प्रकृतिको समान कार्य गर्ने संस्थामा पदाधिकारी वा कर्मचारी रहे/ नरहेको: नरहेको ।

२२. सञ्चालकहरु वित्तिय निकाय वा सहकारी निकाय वा अन्य निकायको कर्मचारी रहे नरहेको वा विभागीय स्वीकृति लिए नलिएको: नभएको ।

२३. ढुकुटीमा रहेको नगद मौज्दातको अवस्था यस प्रकार छ:

( रु.हजारमा)

| महिना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तरलता | ३५९ | २०४ | २६४ | ४८२ | २८१ | ३१६ | २०६ | १८२ | २०५ | १२८ | ९८ | ७९ |

२४. नगद तथा अन्य सम्पत्तिको बिमा गरिएको छैन ।

२५. समग्रमा सहकारी मापदण्ड २०६८ को गम्भिर उल्लङ्घन हुने गरी त्रुटी गरेको छैन ।

२६. लेखाव्यवसायी फर्म र त्यसका साझेदारहरुले आफु स्वतन्त्र रहेको साथै लेखापरीक्षणको
क) नियुक्ति पत्र लिएको ।

Regd. No. 3109, COP.No.3148 B

*PAN: 300899618*

# केपी पौडेल एण्ड एशोसिएट्स
# KP PAUDEL & ASSOCIATES
*(Registered Auditors)*

Simara, Bara, Nepal
Phone: 053-520403, 98550-22875
e-mail : kpbara2012@gmail.com

ख) संस्थाको बस्तु स्थिति तथा नीति नियम कार्यविधिहरुको अध्ययन गरिएको ।
ग) सञ्चालक समिति र साधारण सभाका निर्णय पुस्तिकाहरुको अध्ययन गरिएको ।
घ) लेखा व्यवस्था तथा खर्च गर्ने तौर तरीकावारे अध्ययनका कममा बर्षभरको भौचरको अध्ययन गरिएको ।
ङ.) कोषको बांडफांड र प्रयोग नियमसंगत भए नभएको अध्ययन गरेको ।
च) ऋण लगानी असुली प्रक्रिया, व्याज दर, सदस्य वर्गीकरण, सञ्चालक समिति, लेखाको अवस्था, उपस्थिति निर्णय प्रक्रिया लगायत अन्य विविध विषयमा अध्ययन गरिएको ।

२७ लेखापरीक्षकले ऋणीको credit appraisal तथा ऋण अनुगमन तथा ऋण असुली प्रणाली सम्वन्धी आफनो राय:-
क) ऋण उपसमितिबाट लगानी असुली हेर्ने काम भइरहको भएतापनि लगानीमा विशेष रुपमा कडाई गरी ऋणीको छनोट गरी लगानी गर्नु पर्ने देखिन्छ ।

२८ लेखापरीक्षकले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका सम्वन्धमा ऋण व्यवस्थापन खर्च तथा स्थिर सम्पत्ति उपर नियन्त्रणको पर्याप्तता आदिका सम्वन्धमा आफनो राय:
क) लेखा समितिबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन तथा सुझाव दिदै आई रहेको पाइयो ।
ख) खर्च, भुक्तानी प्रणाली र स्थिर सम्पत्तिको सम्वन्धमा सञ्चालक समिति, लेखा समिति, व्यवस्थापन र सम्वन्धित उपसमितिहरुले आफनो काम प्रभावकारी देखिन्छ ।

# गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

२०७४ आषाढ मसान्तको

बासलात

| क्र· सं· | विवरण | अनुसूचि नं· | रकम यस वर्षको | रकम गत वर्षको |
|---|---|---|---|---|
| क | **पूंजी तथा दायित्व** | | | |
| १ | शेयर पूंजी | १ | ३,४६९,९००।०० | ३,५८४,५००।०० |
| २ | जगेडा कोष | २ | १८९,९२८।२६ | ६७,१५२।१७ |
| ३ | अन्य कोष | २ | १२७,९५७।५४ | ११६,४५९।४३ |
| ४ | वाह्य ऋण | ३ | १९,१०६,०६७।४१ | १०,६१२,१४०।१४ |
| ५ | बचत | ४ | ३०,०४५,५३७।४४ | २१,३६४,०८१।३० |
| ६ | आयकर दायित्व | ५ | ३५,४०१।०५ | २६०९९।५३ |
| ७ | अन्य दायित्व | ६ | ३,४५६,२४२।१० | २,१८६,८६८।६२ |
| ८ | ऋण जोखिम कोष | ७ | ४६३,८४३।६० | ३०१,६५१।७२ |
| | जम्मा | | ५६,८६४,८७७।४० | ३८,२५८,९५२।९१ |
| ख | **सम्पत्ति तथा जायेजथा** | | | |
| ९ | नगद मौज्दात | ८ | ७८,६९६।०० | २९५,८६६।०२ |
| १० | बैंक मौज्दात | ९ | ४,८९२,००९।७५ | ५,३५६,३५१।२३ |
| ११ | लगानी | १० | ३१७,०००।०० | ११६,०००।०० |
| १२ | कर्जा तथा सापटी | ११ | ४६,३७२,५३८।०३ | ३०,१५५,९२६।०५ |
| १३ | स्थिर सम्पत्ति | १२ | २,६४९,०७६।३६ | १,४८०,८६५।८७ |
| १४ | ऋणीवाट सकारेको सम्पत्ति | १३ | ०।०० | ०।०० |
| १५ | अन्य सम्पत्ति हिसाव | १४ | २,५५५,५५७।२६ | ८५३,९४३।७४ |
| | जम्मा | | ५६,८६४,८७७।४० | ३८,२५८,९५२।९१ |

...अनुसार प्रमुख सूचकांकहरु — अनुसूचि नं· २३

...लगानी विशेष घोषणा — अनुसूचि नं· २४

...लेखा नीतिहरु — अनुसूचि नं· २५

...टिप्पणीहरु — अनुसूचि नं· २६

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,

| ...श्रीवास्तव | ओमप्रकास महतो | जुवेरवावु अंसारी | मुक्ती प्र· श्रीवास्तव | कृष्ण प्र· पौडेल |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखा समिति संयोजक | लेखापरीक्षक |

गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

आय विवरण

आ· व· २०७३/०७४

| विवरण | अनुसूचि | यस बर्ष रु | गत बर्ष रु |
|---|---|---|---|
| ब्याज आम्दानी | १५ | ८,०८४,३११।३१ | ५,५१०,९५९।४६ |
| ब्याज खर्च | १६ | ४,४२९,८७७।३३ | २,७६७,८४८।८२ |
| खुद ब्याज आम्दानी | | ३,६५४,४३३।९८ | २,७४३,११०।६४ |
| अन्य सञ्चालन आम्दानी | १७ | ७११,०१०।६२ | ५६१,६६६।०० |
| कुल सञ्चालन आम्दानी | | ४,३६५,४४४।६० | ३,३०४,७७६।६४ |
| कर्मचारी खर्च | १८ | २,८६९,३१२।०० | २,१८४,६०७।०० |
| कार्यालय सञ्चालन खर्च | १९ | १,३१९,१२७।३५ | ९८९,६७१।९८ |
| सम्भावित नोक्सानी व्यवस्था अघिको मुनाफा | | १७७,००५।२५ | १३०,४९७।६६ |
| सम्भावित नोक्सानी व्यवस्था | २० | ०।०० | ०।०० |
| सञ्चालन मुनाफा | | १७७,००५।२५ | १३०,४९७।६६ |
| गैरसञ्चालन आम्दानी वा नोक्सान | २१ | ०।०० | ०।०० |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | ०।०० | ०।०० |
| नियमित कारोवारबाट भएको मुनाफा | | १७७,००५।२५ | १३०,४९७।६६ |
| असामान्य कारोवारबाट भएको मुनाफा | | ०।०० | ०।०० |
| सम्पूर्ण कारोवारपछिको खुद मुनाफा | | १७७,००५।२५ | १३०,४९७।६६ |
| कर्मचारी बोनस व्यवस्था | | ०।०० | ०।०० |
| आयकर व्यवस्था | | ३५,४०१।०५ | २६,०९९।५३ |
| खुद मुनाफा (नाफा नोक्सान हिसाबमा सारेको) | | १४१,६०४।२० | १०४,३९८।१३ |

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| रविभुषण श्रीवास्तव | ओमप्रकास महतो | जुबेरवाबु अंसारी | मुक्ती प्र· श्रीवास्तव | कृष्ण प्र· पौडेल |
| व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखा समिति संयोजक | लेखापरीक्षक |

Regd. Auditor
Krishna Pd. Paudel
COP 3... 'B'
Memb. No. 4814
Simara, Bara

# गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

## नगद प्रवाह विवरण

आ· व· २०७३/०७४

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नाफा/ नोक्सान | १४१६०४।२० | १०४३९८।१२ |
| समायोजन: | | |
| हासकट्टी | १४२८५७।५१ | १२९५४३।५० |
| चालु सम्पत्ति तथा दायित्वमा वृद्धि/न्यून: | | |
| चालु सम्पतिमा वृद्धि/न्यून | ०।०० | ०।०० |
| अन्य सम्पतिमा वृद्धि/न्यून | (१७०१६१३।५२ | (१४३३९०।०७ |
| चालु दायित्वमा वृद्धि/न्यून | ०।०० | ०।०० |
| अन्य कोषहरु वृद्धि/न्यून (जोखिमकोष) | १६२१९१।८८ | ९८६१७५५ |
| अन्य दायित्व वृद्धि/न्यून | १२४८६७५।०० | ७५४५३२।४० |
| जम्मा (क) | (६२८४।९३ | ९४३७०१।४९ |
| लगानी गतिविधिबाट नगद प्रवाह | | |
| लगानीमा वृद्धि/न्यून | (२०१०००।०० | (७८९००।०० |
| स्थायी सम्पत्ति बिकी | ४०५०।०० | ०।०० |
| ऋण तथा सापटीमा वृद्धि/न्यून | ८४९३९२७।२७ | ८६१२१४०।१४ |
| कर्जा तथा सापटमा वृद्धि/ न्यून | (१६२१६६११।९८ | (९८५२५०९।५१ |
| स्थायी सम्पत्ति खरिद | (१३१५११८।०० | (२३९३९३।०० |
| जम्मा (ख) | (९२३४७५२।७१ | (१५५८६६२।३७ |
| वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| चुक्ता पुंजी वृद्धि/ न्यून | (११४६००।०० | १७०७८००।०० |
| निक्षेप वृद्धि/न्यून | ८६८१४५६।१४ | २८५५५१४।६७ |
| लाभांश तथा कोषको भुक्तानी | (७३३०।०० | (४४२२।७१ |
| जम्मा (ग) | ८५५९५२६।१३ | ४५५८८९१।९६ |
| यस वर्षको खुद नगद प्रवाह · (क)+(ख)+(ग) | (६८१५११।५१ | ३९४३९३१।०९ |
| यस वर्षको शुरुको बैंक तथा नगद मौज्दात | ५६५२२१७।२५ | १७०८२८६।१६ |
| यस वर्षको अन्त्यमा नगद मौज्दात· (३)+(ङ) | ४९७०७०५।७४ | ५६५२२१७।२५ |

| | |
|---|---|
| नगद | ७८६९६।०० |
| बैंक | ४८९२००९।७५ |
| | ४९७०७०५।७५ |

अनुसुचि नं· १ देखि १४, वासलात र आय विवरणका आधारमा

आजको मितिमा, संलग्न प्रतिवेदन अनुसार

व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखा समिति संयोजक। | लेखापरीक्षक

Paudel & Associates
Regd. Auditor
...na Pd. Paudel
...8148 'B'
Memb. No. 4814
Simara, Bara

गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

२०७४ आषाढ मसान्तको

| विवरण | शेयर पूंजी | शेयर प्रिमियम | पुनर्मूल्यांकन कोष | सञ्चित मुनाफा (नोक्सान) | साधारण जगेडा कोष | अन्य कोष | ऋण जोखिम कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको मौज्दात | ३५८४५००।०० | | | | ६७१५२१७ | ११६४४९१४३ | ३०१६५११७२ | ४०६९७६३।३२ |
| यस वर्ष निष्कासित शेयर पूंजी | (११४६००।०० | | | | | | | (११४६००।०० |
| लाभांस तथा कोष वितरण | | | | | ८७३७५।० | ८००४५।०४ | | १६७४२०।०९ |
| यस वर्षको नाफा | | | | १७७००५।२५ | | | | १७७००५।२५ |
| यस वर्ष समायोजन | | | | | १२२७७६।०९ | ११४९८।११ | १६२१९१।८८ | २९६४६६।०८ |
| २०७४ आषाढ मसान्तको | ३४६९९००।०० | ०।०० | ०।०० | १७७००५।२५ | २७७३०३।३१ | २०८००२।५८ | ४६३८४३।६० | ४५९६०५४।७४ |

K.P. Paudel & Associates
Auditor
Krishna Pd. Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

# गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि·
## विरगंज, पर्सा

अनुसूचि १

### शेयर पूंजी हिसाव
आ· व· २०७३/०७४

| क्र· सं· | शेयर सदस्यहरु | गत वर्षको | | यस वर्ष थप भएको | | यस वर्षको अन्त्यमा बांकी | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम रु | संख्या | रकम रु | संख्या | रकम रु |
| १ | प्राकृतिक व्यक्तिहरु | ११०१ | ३,५८४,५००।०० | ६१ | ( ११४,६००।०० | १,१६२ | ३,४६९,९००।०० |
| २ | अन्य | ० | ० | | ०।०० | ० | ०।०० |
| | जम्मा | ११०१ | ३,५८४,५००।०० | ६१ | ( ११४,६००।०० | १,१६२ | ३,४६९,९००।०० |

अनुसूचि २

### नाफा नोक्सान बांडफांड विवरण

| क्र· सं· | कोषको किसिम | प्रतिशत | गत वर्षको | यस वर्ष खर्च | यस वर्ष थप | जगेडा कोषमा सारिएको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष | २५ | ६७,१५२।१७ | | ३५,४०१।०५ | ०।०० | १८९,९२८।२६ |
| २ | अन्य कोषहरु | | | | | | |
| २१ | शेयर लाभांश कोष | २० | १५,६५९।७२ | | २१,२४०।६३ | १५६५९।७२ | २१,२४०।६३ |
| २२ | संरक्षित पूंजी फिर्ता कोष | ३० | ४५,२१८।११ | | ३१,८६०।९५ | ४५२१८।११ | ३१,८६०।९५ |
| २३ | कर्मचारी बोनस कोष | १५ | ११,७४४।७९ | | १५,९३०।४७ | ११७४४।७९ | १५,९३०।४७ |
| २४ | सहकारी शिक्षा कोष | १० | ७,८२९।८६ | ७,३३०।०० | १०,६२०।३२ | ४९९।८६ | १०,६२०।३२ |
| २५ | संस्था विकास कोष | १० | १४,२५२।५७ | | १०,६२०।३२ | १४२५२।५७ | १०,६२०।३२ |
| २६ | घाटापूर्ति कोष | ५ | ७,५०१।७८ | | ५,३१०।१६ | ०।०० | १२,८११।९४ |
| २७ | डुबन्ते ऋण कोष | ६ | ८,५५१।५७ | | ६,३७२।१९ | ०।०० | १४,९२३।७५ |
| २८ | स्थिरीकरण कोष | ४ | ५,७०१।०४ | | ४,२४८।१३ | ०।०० | ९,९४९।१७ |
| | अन्य कोष जम्मा | | ११६,४५९।४३ | ७,३३०।०० | १०६,२०३।१५ | ८७,३७५।०४ | १२७,९५७।५४ |
| | कूल कोष जम्मा | | १८३,६११।६० | ७,३३०।०० | १४१,६०४।२० | ८७,३७५।०४ | ३१७,८८५।८० |

K.P. Paudel & Associates
Regd. Auditor
Krishna Pd. Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

# गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

## विरगंज, पर्सा

अनुसूचि ३

आ. व. २०७२।०७३

बाह्य ऋण हिसाव

| विवरण | अवधि | शुरु मौज्दात | थप | घट | अन्तिम रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भाखा नाघेको | भाखा ननाघेको | जम्मा |
| राष्टिय सहकारी बैक | | १०,६१२,१४०।१४ | १८,४२७,२०२।७६ | ९,९३३,२७५।४९ | ०।०० | १९,१०६,०६७।४१ | १९,१०६,०६७।४१ |
| अन्य | | | | | | | |
| | जम्मा | ९,६८७,५००।०० | १८,४२७,२०२।७६ | ९,९३३,२७५।४९ | ०।०० | १९,१०६,०६७।४१ | १९,१०६,०६७।४१ |

## गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि·
## विरगंज, पर्सा

अनुसूचि ५

### आयकर दायित्व

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | आयकर दायित्व (आ· व· २०७२।०७३) | ०।०० | ०।०० |
| | आयकर दायित्व (आ· व· २०७२।०७३) | ३५,४०१।०५ | २६,०९९।५३ |
| | जम्मा | ३५,४०१।०५ | २६,०९९।५३ |

अनुसूचि ६

### अन्य दायित्व

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | लेखापरीक्षण शुल्क | २८,२५०।०० | २८,२५०।०० |
| २ | सामाजिक सेवाकर | २६,८९३।०० | १९,०८४।०० |
| ३ | पारीश्रमिक कर | ०।०० | ४,०९५।०० |
| ४ | बचत व्याजमा स्रोत करकट्टी | १३०,८१०।०० | १०५,६६५।०० |
| ५ | बिगत वर्षको दायित्व | ०।०० | १,१५७।०० |
| ६ | व्याज दायित्व | २,७०६,०९१।०० | १,७६७,३५४।०० |
| ७ | कर्मचारी तलब | ०।०० | ६,३१५।०० |
| ८ | कन्टा व्याज | ३८९,२४९।३० | ८८,८२०।६२ |
| ९ | कर्मचारी कल्याणकारी कोष | १३५०९७।०० | १५०१२८।०० |
| १० | बहाल कर | ९,८५१।८० | ०।०० |
| ११ | अन्य दायित्व | ०।०० | १६,०००।०० |
| | जम्मा | ३,४२६,२४२।१० | २,१८६,८६८।६२ |

अनुसूचि ८

### नगद मौज्दात हिसावको विवरण

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | नगद मौज्दात व्यबस्थापक जिम्मा | ७८,६९६।०० | २९५,८६६।०२ |
| २ | सानो नगदी कोष | ०।०० | ०।०० |
| | जम्मा | ७८,६९६।०० | २९५,८६६।०२ |

K.P. Paudel & Associates
Regd. Auditor
Kishor P. Paudel
COP 148 'B'
Memb. No. 4814
Simara, Bara

गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
विरगंज, पर्सा

अनुसूचि नं. ७

## ऋण जोखिम कोष व्यवस्था
आ. व. २०७३/०७४

| विवरण | अवस्था | प्रतिशत | लगानीमा रहेको रकम | गर्नुपर्ने रकम | गत वर्षको रकम | यस वर्ष थप | जम्मा |
|---|---|---|---|---|---|---|---|
| भाखा ननाघेको | असल | १ | ४६,३७२,५३८।०३ | ४६३,७२५।३८ | ३०१,६५१।७२ | १६२,१९१।८८ | ४६३,८४३।६० |
| १ देखि ३६५ दिन भाखा नाघेको | कमसल | ३५ | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| १ वर्ष भन्दा बढी भाखा नाघेको | खराब | १०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| जम्मा | | | ४६,३७२,५३८।०३ | ४६३,७२५।३८ | ३०१,६५१।७२ | १६२,१९१।८८ | ४६३,८४३।६० |

K.P. Paudel & Associates
Auditor
Krishna Pd. Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

अनुसूचि ११

## ऋण लगानी विवरण

### आ· व· २०७३/०७४

| विवरण | प्र· | सुरु मौज्दात | लगानी | असुली | बांकी मौज्दात |
|---|---|---|---|---|---|
| कृषि कर्जा | ४।२९ | ५७२,४५२।०० | १,७००,०००।०० | २८२,७४५।०० | १,९८९,७०७।०० |
| व्यापार व्यवसाय ऋण | ५२।२१ | १९३६७१९९।३९ | ३०९५१७३२।०० | २६,१०६,७७१।३४ | २४,२१२,१६०।०५ |
| कर्मचारी कर्जा | ०।६४ | २७२,५२१।०० | ३६१,२८८।३० | ३३९,०४३।०० | २९४,७६६।३० |
| लघु कर्जा | २७।२१ | २९०२७७४।६६ | १८,६००,७२०।०० | ८,८८३,२२४।६६ | १२,६२०,२७०।०० |
| हायर ऋण | ९।२९ | ५,२५५,०५५।०० | ५८७७६२१।०० | ६,८२३,६५६।३२ | ४,३०९,०१९।६८ |
| घरायसी ऋण | ३।०३ | १,७८५,९२४।०० | १,३८१,६६२।०० | १,७६२,९९३।०० | १,४०४,५९३।०० |
| व्यक्तिगत ऋण | ३।३३ | | २,४२८,२०३।०० | ८८६,१८१।०० | १,५४२,०२२।०० |
| जम्मा | १००।०० | ३०,१५५,९२६।०५ | ६१,३०१,२२६।३० | ४५,०८४,६१४।३२ | ४६,३७२,५३८।०३ |

K.P. Paudel & Associates, Chartered Auditor, Krishna Pd. Paudel, COP 3148 'B', Memb. No. 4814, Simara, Bara

## गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

अनुसूचि ९

### बैंक मौज्दात हिसावको विवरण

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक | ०।०० | ०।०० |
| २ | अन्य वित्तीय संस्थाहरु | | |
| | एपेक्स बैंक लि | १९,७२९।२८ | ६०,०२०।२३ |
| | क्यापिटल मर्चेन्ज बैंकिंग एण्ड फाईनान्स लि· | ०।०० | १७५।०१ |
| | हिमालयन बैंक लि | ६८,१०८।२५ | ९३,२५२।५० |
| | जिल्ला वचत तथा ऋण सहकारी संघ लि· | ४०,२२०।०० | ३४,२२०।०० |
| | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि· | ५४३,४५५।४३ | १८,०००।०० |
| | प्रभु को ओपरेटिभ सर्भिस | २३३,०३१।०० | ३८,७३८।०० |
| | प्रभु बैंक लि | १३,१२९।८० | २०,०९३।७९ |
| | पब्लीक डे बैंक लि· | ६,१३८।९७ | ६,१३८।९७ |
| | राष्ट्रिय सहकारी बैंक | २,९८१,११६।३५ | ५,०३८,०५४।३३ |
| | सिद्धार्थ डे बैंक लि· | १२,२०९।१८ | ४७,६५८।४० |
| | ज्योति विकास बैंक लि· | ८६६,९७१।१७ | ०।०० |
| | मुक्तिनाथ विकास बैंक लि· | ८५,०४६।२६ | ०।०० |
| | गुह्यश्वरी मर्चेन्ज फाईनान्स लि· | २२,८५४।०६ | ०।०० |
| | जम्मा | ४,८९२,००९।७५ | ५,३५६,३५१।२३ |

अनुसूचि १०

### लगानी हिसावको विवरण

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | ११,०००।०० | ११,०००।०० |
| २ | राष्ट्रिय सहकारी बैंक | ३००,०००।०० | १००,०००।०० |
| ३ | जिल्ला सहकारी संघ | ६,०००।०० | ५,०००।०० |
| | **जम्मा** | ३१७,०००।०० | ११६,०००।०० |

अनुसूचि १३

### ऋणी सदस्यबाट सकारेको सम्पत्ति

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | | |
| २ | राष्ट्रिय सहकारी बैंक | | |

Regd Auditor
Krishna P. Paudel

विरगंज, पर्सा

# स्थिर सम्पत्ति विवरण

## आ.व. २०७३।७४

| क्र.सं. | विवरण | गत आ.व.को अन्त्यको बाँकी | | यस आ.व.मा खरीद | | कूल जम्मा | | अपलेखन तथा बिक्र वितरण | | ह्रास कटी दर | गत बर्षको ह्रास | यस बर्षको ह्रास | जम्मा ह्रास कटी | यस आ.व.का. अन्त्यको बाँकी रु. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | रकम रु. | थान | रकम रु. | थान | रकम रु. | थान | रकम रु. | | | | | थान | रकम रु. |
| १ | जग्गा | | ७४८११०।०० | | १०२६१०१।०० | | १७७४२११।०० | | ०।०० | | | | | | |
| २ | भवन तथा भौतिक | | | | | | | | | | ०।०० | ०।०० | ०।०० | | १७७४२११।०० |
| ३ | फर्निचर समान | | | | | | | | | | | | ०।०० | | ०।०० |
| | काउन्टर | | २२२४।७३ | | | | २२२४।७३ | | | | | | ०।०० | | ०।०० |
| | काठको टेवल ठुलो | | १३३४।८४ | | | | १३३४।८४ | | | २५ | ५५६।१८ | ०।०० | ५५६।१८ | | १६६८।५५ |
| | काठको टेवल सानो | | १११२।४८ | | ११,७००।०० | | १२८१२।४८ | | | २५ | ३३३।७१ | ०।०० | ३३३।७१ | | १००१।१३ |
| | स्टील दराज | | १९५३२।६६ | | | | १९५३२।६६ | | | २५ | २७८।१२ | ०।०० | २७८।१२ | | १२५३४।३६ |
| | बक्स बेन्च | | २७६२।४४ | | | | २७६२।४४ | | | २५ | ४८८३।१७ | ०।०० | ४८८३।१७ | | १४६४९।५० |
| | कुर्सि | | २९३४२।९७ | | | | २९३४२।९७ | | | २५ | ६९०।६१ | ०।०० | ६९०।६१ | | २०७१।८३ |
| | पार्टेशन तथा फर्निचर | | १२४२५२।३६ | | | | १२४२५२।३६ | | | २५ | ७३३५।७४ | ०।०० | ७३३५।७४ | | २२००७।२३ |
| | र्‍याक र बक्सा | | ४३२०।०० | | | | ४३२०।०० | | | २५ | ३१०६३।०९ | ०।०० | ३१०६३।०९ | | ९३१८९।२७ |
| | ढोका सिसा सहित | | ५४९३।७७ | | | | ५४९३।७७ | | ० | २५ | १०८०।०० | ०।०० | १०८०।०० | | ३२४०।०० |
| | कम्प्युटर टेवल | | २२५०।०० | | | | २२५०।०० | | | २५ | १३७३।४४ | ०।०० | १३७३।४४ | | ४१२०।३३ |
| ४ | कम्प्युटर समान | | | | | | | | | २५ | ५६२।५० | ०।०० | ५६२।५० | | १६८७।५० |
| | कम्प्यूटर | | ४७८१२।५० | | ७५०।०० | | ४८५६२।५० | | | | | | | | |
| | कम्प्यूटर | | १२६७२।०० | | ५५,०००।०० | | ६७६७२।०० | | | २५ | ११९५३।१३ | ०।०० | ११९५३।१३ | | ३६६०९।३८ |
| | कम्प्यूटर | | ८०५२।३४ | | २,०५०।०० | | १०१०२।३४ | | | २५ | ३१६८।०० | ०।०० | ३१६८।०० | | ६४५०४।०० |
| ५ | कार्यालय समान | | | | | | | | | २५ | २०१३।०८ | ०।०० | २०१३।०८ | | ८०८९।२५ |
| | प्रिन्टर | | ३९२१।१५ | | | | ३९२१।१५ | | | | | | | | |
| | सफ्टवेयर | | ३४६६६।४४ | | | | ३४६६६।४४ | | | १५ | ५८८।१७ | ०।०० | ५८८।१७ | | ३३३२।९८ |
| | इनभर्टर बैटी | | १९१०४४।५१ | | | | १९१०४४।५१ | | | १५ | ५१९९।९७ | ०।०० | ५१९९।९७ | | २९४६६।४७ |
| | टेलिफोन सेट | | २३२७३।४७ | | ८८५।०० | | २४१५८।४७ | | ४०५० | १५ | २८६५६।६८ | ०।०० | २८६५६।६८ | | १[illegible]८३३७।८३ |
| | स्टेपलर खरीद ठुलो | | २३३५।११ | | | | २३३५।११ | | | १५ | ३४९१।०२ | ०।०० | ३४९१।०२ | | २०६६७।४५ |
| | स्टेपलाईजर खरिद | | ६०६९।०० | | | | ६०६९।०० | | | १५ | ३५०।२७ | ०।०० | ३५०।२७ | | १९८४।८४ |
| | तुफान पंखा | | ३३१।६३ | | | | ३३१।६३ | | | १५ | ९१०।३५ | ०।०० | ९१०।३५ | | ५१५८।६५ |
| | एडजस्ट पंखा | | ३३१।६३ | | | | ३३१।६३ | | | १५ | ४९।७४ | ०।०० | ४९।७४ | | २८१।८८ |
| | साईकल चाईनिज | | १२२३।४५ | | | | १२२३।४५ | | | १५ | ४९।७४ | ०।०० | ४९।७४ | | २८१।८८ |
| | साईकल हिरो | | १५६५।४८ | | | | १५६५।४८ | | | १५ | १८३।५२ | ०।०० | १८३।५२ | | १०३९।९३ |
| | साईकल | | १०२६४।०२ | | | | १०२६४।०२ | | | १५ | २३४।८२ | ०।०० | २३४।८२ | | १३३०।६६ |
| | सिलिंग पंखा | ३ | ६१४३।२२ | | | | ६१४३।२२ | | | १५ | १५३९।६० | ०।०० | १५३९।६० | | [illegible]८२४।४२ |
| | | | | | | | | | | १५ | ९२१।४८ | ०।०० | ९२१।४८ | | [illegible]२२९१।७४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | [illegible] | | | | | | | १५ | [illegible] | ०।०० | [illegible] | ११९३०।६४ |
| | [illegible] | १ | [illegible] | [illegible] | [illegible] | ११०६०।६० | | १५ | २३४।०९ | ०।०० | २३४।०९ | १०८२६।५१ |
| | प्रिन्टर | | ३५२२।१९ | | | ३५२२।१९ | | १५ | ५२८।३३ | ०।०० | ५२८।३३ | २९९३।८६ |
| | सि.सि.टि.भि | | ४२७७७।०६ | २८,०८२।०० | | ७०८५९।०६ | | १५ | ६४१६।५६ | ०।०० | ६४१६।५६ | ६४४४२।५० |
| | स्टेन्ड पंखा | | १११७।६२ | | | १११७।६२ | | १५ | १६७।६४ | | १६७।६४ | ९४९।९८ |
| | यू.पि.एस. | | ८५००।०० | | | ८५००।०० | | | ०।०० | | ०।०० | ८५००।०० |
| ५ | सवारी साधन तथा अन्य | | | | | | | | | | | |
| | मोटरसाईकल | २ | ६८८१२।८० | १६४,९००।०० | | २३३७१२।८० | | २० | १३७६२।५६ | ०।०० | १३७६२।५६ | २११९५०।२४ |
| ६ | अन्य | | | | | | | | | | | |
| | कैलकुलेटर | २ | १११३।७५ | ५,६००।०० | | ६७१३।७५ | | २५ | २७८।४४ | ०।०० | २७८।४४ | ६४३५।३१ |
| | त्रिपाल | १ | १८९८।८५ | | | १८९८।८५ | | २५ | ४७४।६ | ०।०० | ४७४।६ | १४२।३९ |
| | नेटवर्किंग | | ५२२६।९६ | | | ५२२६।९६ | | २५ | १३०६।७४ | ०।०० | १३०६।७४ | ३९२०।२२ |
| | चाँदिको सिक्का | | ११८३।०० | २,५५०।०० | | ३७३३।०० | | ० | ०।०० | ०।०० | ०।०० | ३७३३।०० |
| | अफिसको पर्दा | | २११९२।५७ | | | २११९२।५७ | | २५ | ५२९८।१४ | ०।०० | ५२९८।१४ | १५८९४।४३ |
| | बर्साति र छाता | २ | १९६।१७ | | | १९६।१७ | | २५ | ४९।०४ | ०।०० | ४९।०४ | १४७।१३ |
| | पानिको जार | | २५३।५५ | ८,०००।०० | | ८२५३।५५ | | २५ | ६३।३९ | ०।०० | ६३।३९ | ८१९०।१६ |
| | बर्साति | | २३७।३१ | | | २३७।३१ | | २५ | ५९।३३ | ०।०० | ५९।३३ | १७७।९८ |
| | कार्पेट | | ८९८६।२० | | | ८९८६।२० | | २५ | २२४६।५५ | ०।०० | २२४६।५५ | ६७३९।६५ |
| | ताल्चा | | ५१८।०२ | | | ५१८।०२ | | १५ | ७७।७० | ०।०० | ७७।७० | ४४०।३२ |
| | सोनी डिजिटल क्यामरा | | ११०००।०० | | | ११०००।०० | | २५ | २७५०।०० | | २७५०।०० | ८२५०।०० |
| | जम्मा | | १४८०८६५।८७ | १३१५११८।०० | | २७९५९८३।८७ | ४०५०।०० | | १४२८५७।५१ | ०।०० | १४२८५७।५१ | २६४९०७६।३६ |

Regd. Auditor
Krishna Pd.Paudel
COP 3148 'B'
Memb.No.481
K.P.Paudel & Asso... Simara

## गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि·

## विरगंज, पर्सा

अनुसूचि १४

### अन्य सम्पत्ति

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | अग्रीम घरभाडा | १०६,२००।०० | १०६,२००।०० |
| २ | अग्रिम घर भाडा कर | ४,१४०।०० | ४,१४०।०० |
| ३ | अग्रिम आय कर | १५,७५७।९६ | १६,४२१।१२ |
| ४ | हिमाल रेमिट | ७४,६८६।०० | ५४,५९०।०० |
| ५ | सेवा रेमिट | १,४००।०० | ०।०० |
| ६ | कन्टा ब्याज | ३८७,८२३।३० | ८७,४०३।६२ |
| ७ | कर्मचारी पेश्की | ३२२,१३७।०० | ३५४,३८५।०० |
| ८ | मसलन्द मौज्दात | ९६,५००।०० | २६,५००।०० |
| ९ | अन्य | १,३६२,९१३।०० | ९०,३०४।०० |
| १० | टेलिफोन धरौटी | ४,०००।०० | ४,०००।०० |
| ११ | अन्तर सहकारी समन्वय समिति | १८०,०००।०० | ११०,०००।०० |
| अन्य पाउनु पर्ने जम्मा | | २,५५५,५५७।२६ | ८५३,९४३।७४ |

K.P. Paudel & Associates
Regd Auditor
CoP 3148 'B'
Memb. No. 4814
Simara

गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

अनुसूचि १५

## व्याज आम्दानी

आ· व· २०७३/०७४

| क्र· सं· | आम्दानीको शिर्षकहरु | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| १ | कर्जाबाट प्राप्त व्याज तथा हर्जाना | | |
| ११ | कर्जाबाट प्राप्त व्याज | ७,९६७,४९७६२ | ५,४५५,०४०।०१ |
| .१·२ | बैंकबाट प्राप्त व्याज | ११६,८१३।६९ | ५५,९१९।४५ |
| | **जम्मा प्राप्त व्याज आम्दानी** | ८,०८४,३११।३१ | ५,५१०,९५९।४६ |

अनुसूचि १७

## अन्य सञ्चालन आम्दानी

आ· व· २०७३/०७४

| क्र· सं· | आम्दानीको शिर्षकहरु | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| २ | विविध आम्दानी | | |
| २१ | प्रवेश तथा अन्य शुल्क | ४८२०।०० | २०५०।०० |
| २·२ | व्यवस्थापन शुल्क | ४१,१६०।०० | ६९,३८०।०० |
| २·३ | निवेदन शुल्क | ४१४८।०० | ४२००।०० |
| २·४ | प्रत्र प्रेषण आम्दानी | २००।०० | ३,९६६।०० |
| २·५ | खाताबन्दी शुल्क | ०।०० | ९,२२९।०० |
| २·६ | रेमिट शुल्क आम्दानी | २१,८६९।६२ | ०।०० |
| २·६ | विमा शुल्क | ६५,९००।०० | १३,२२०।०० |
| २·७ | विविध आम्दानी | ५७२,९१३।०० | ४५९,६२१।०० |
| | **विविध आम्दानी जम्मा** | ७११,०१०।६२ | ५६१,६६६।०० |
| **कुल जम्मा** | | ८,७९५,३२१।९३ | ६,०७२,६२५।४६ |

K.P. Paudel & Associates
Regd. Auditor
Krishna Pd. Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

## गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·
विरगंज, पर्सा

अनुसूचि १६

### व्याज खर्च
आ· व· २०७३/०७४

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| | वचतमा व्याज खर्च | २,७५३,२८०।०० | २,१८०,४३१।०० |
| | बाह्य ऋणमा व्याज खर्च | १,६७६,५९७।३३ | ५८७,४१७।८२ |
| | जम्मा व्याज खर्च | ४,४२९,८७७।३३ | २,७६७,८४८।८२ |

अनुसूचि १८

### कर्मचारी खर्च
आ· व· २०७३/०७४

| क्र सं· | विवरण | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| | तलव | २,८६९,३१२।०० | २,१८४,६०७।०० |
| | सञ्चयकोष | ०।०० | ०।०० |
| | जम्मा कर्मचारी खर्च | २,८६९,३१२।०० | २,१८४,६०७।०० |

K.P. Paudel & Associates
Auditor
Pd. Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

गृहलक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि·

विरगंज, पर्सा

आ· व· २०७३/०७४

अनुसूचि २४

## PEARLS अनुगमनका सूचकको नतिजा

| क्षेत्र | PEARLS | विवरण | लक्ष | नतिजा |
|---|---|---|---|---|
| सुरक्षण | P१ | ऋणमा संभावित नोक्सान कोष १ वर्ष भन्दा बढी भा.ना.) | १००% | १००% |
| | P२ | ऋणमा संभावित नोक्सान कोष १ वर्ष भन्दा कम भा.ना.) | ३५% | ३५% |
| | P3 | ऋणमा संभावित नोक्सान कोष भाखा ननाघेको | १% | १% |
| प्रभावकारी वित्तीय संरचना | E१ | जम्मा सम्पत्तिमा खुद लगानीमा रहेको ऋण रकमको अनुपात | ७० देखि ८०% | ८२% |
| | E२ | जम्मा सम्पत्तिमा बचत निक्षेपको अनुपात रकम | ७० देखि ८०% | ५३% |
| | E३ | बाह्य ऋण | सकेसम्म कम | ३४% |
| | E४ | शेयर पूँजी रकम जम्मा सम्पत्ति | १० देखि २०% | ६% |
| | E5 | जम्मा सम्पतिमा पूजिकोषको अनुपात | १० भन्दा माथि | ६% |
| | E6 | जम्मा सम्पतिमा जगेडाकोषको अनुपात | ५% | ०% |
| सम्पत्तिको गुणस्तर | A१ | जम्मा भा.ना. ऋण रकममा जम्मा ल.र.र. ऋण रकम) | ५% | ०% |
| | A२ | जम्मा भा.ना. ऋण संख्या जम्मा ल.र.र. ऋण संख्या) | सके सम्म कम | ०% |
| प्रतिफल र लागत | R१ | लगानी ऋण रकममा ब्याज आम्दानी प्रतिशत | खर्च धान्ने | १७% |
| | R२ | बचतमा ब्याज खर्च प्रतिशत | बजार मुल्य | ९% |
| | R३ | बाह्य ऋणको लागत (ब्याज खर्च) प्रतिसत | बचत भन्दा कम | ९% |
| | R४ | जम्मा सञ्चालन खर्च प्रतिशत | प्राप्त मार्जिन भन्दा कम | २% |
| तरलता | L१ | औसत तरलता प्रतिशत | १५% | १७% |
| वृद्धिदर | S१० | सदस्यमा वृद्धिदर | घटीमा १५% | ६% |
| | S११ | सम्पतिमा वृद्धिदर | मुद्रास्फिति दर भन्दा वढी | ४९% |

K.P. Paudel & Associates
Auditor
Pd.Paudel
COP 3148 'B'
Memb. No. 4814
Simara, Bara

# गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विरगंज १३, पर्साको

अनुसुचि नं. २५

## प्रमुख लेखा नीतिहरु

१. सामान्य जानकारी:

गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था २०६६ सालमा पर्साको विरगंजमा स्थापना भएको सीमित दायित्व रहेको संस्था हो । यो संस्थाको कार्यक्षेत्र पर्सा जिल्लाको विरगंज उपमहा नगरपालिका लगायत २५ वटा गाविसहरु रहेको कार्यालय विरगंज उपमहा नगरपालिका वडा नं १३ मा रहेको छ । यस संस्था डिभिजन सहकारी कार्यालय पर्सामा मिति २०६६।०८।१९ मा दर्ता भएको (दर्ता नं १७८( २५१)।२०६६।०६७) र आन्तरिक राजस्व कार्यालय विरगंजमा मिति २०६६।०९।०८ गते दर्ता भएको स्थायी लेखा नम्वर (३०३९२५६७५) रहेको छ । हाल संस्थामा १,१६२ सदस्यहरुको शेयर पूंजी रु ३४,६९,९००।०० रहेको छ । हाल यस संस्थाको कुल सम्पत्ति रु ५,६८,६४,८७७।४० रहेको देखिन्छ ।

२. सञ्चालक समितिबाट वित्तिय विवरण स्वीकृति:

संस्थाले यससंग संलग्न गरेको वित्तिय विवरण हालसम्म सञ्चालक समितिको वैठकले स्वीकृति गरेको छैन ।

लेखामानको सर्वमान्य सिद्धान्त अनुसार संस्थाको वित्तिय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समिति र व्यवस्थापनमा निहित रहेको छ । वित्तिय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन:

क) संस्थाको वित्तिय स्थितिको सूचना खुलस्त पारिएको वासलात

ख) सोही अवधिमा संस्थाले गरेको वित्तिय कार्यसम्पादन खुलाइएको नाफा नोक्सान हिसाव

ग) नगद तथा नगद सरहको तत्व सिर्जना संस्थाको क्षमता खुलाई तयार पारिएको नगद प्रवाह विवरण

घ) संस्थाको जेथामा भएको परिवर्तनको सूचना प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तनसम्वन्धी विवरण तथा

ङ) उपरोक्त विवरणलाई पुष्टि गर्ने अन्य विवरणहरु, लेखा नीति तथा अन्य सान्दर्भिक विवरणहरु ।

३. वित्तिय विवरण तयारीको आधार:

वित्तिय विवरणहरु सामान्य रुपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धति, प्रचलित मान्यताको आधारमा रही तयार गरिएका छन । अन्यथा उल्लेख गरिएको वाहेक प्रोदभावी आधारमा वित्तिइ विवरणहरु तयार पारिएको छ ।

अन्यथा उल्लेख गरिएको बाहेक सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, सहकारी संघसंस्था दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड २०६८, सहकारी लेखा तथा लेखापरीक्षणका सर्वमान्य सिद्धान्तहरुको अधिनमा रही यो वित्तिय विवरण तयार गरिएका छन ।

४. प्रमुख लेखा नीतिहरु:

यो वित्तिय विवरण तयारीको सिलसिलामा संस्थाले लागु गरेका प्रमुख लेखा नीतिहरु देहाय बमोजिमका छन । अन्यथा उल्लेख भएकोमा बाहेक यी नीतिहरु निरन्तर रुपमा पालना हुदै आएको छ:

४१: ऋण लगानी

क) ऋणको बर्गीकरण तथा ऋण जोखिम व्यवस्था: संस्थाले व्यवसाय, कृषि, हायरपर्चेज, घरजग्गा खरिद आदि शिर्षकमा ऋण लगानी गरेको छ ।

कुल ऋण लगानीलाई सहकारी विभागद्वारा जारी मापदण्ड अनुसार संस्थाले आफना सदस्यहरुलाई ऋण लगानी गर्दा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गरेको छ:

| ऋणको बर्गीकरण | भाखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्षसम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराव ऋण | १ वर्षभन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

ख) कर्मचारी ऋण: संस्थाका कर्मचारीहरुलाई नीतिगत व्यवस्था गरी ऋण प्रदान गरिने व्यवस्था भएपनि त्यस्तो प्रकारको ऋण लगानी भएको पाइएन ।

ग) अपलेखन: सञ्चाक समितिले पारीत गरेको नीति अनुरुप असुल हुन नसक्ने ऋणहरु अपलेखन गर्ने व्यवस्था रहेको छ । यस्तो व्यवस्था भएपनि उक्त आर्थिक वर्षमा ऋण अपलेखन गरेको पाइएन ।

घ) अपलेखन भएको ऋण असुली: अपलेखन भएको ऋण असुलीलाई असुल भएको वर्षको आय मानी लेखांकन गरिन्छ । यस वर्ष त्यस्तो गरेको पाइएन ।

४.२ लगानी

क) लगानीको लेखाङ्कन: संस्थाले नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड लगायतका निकायहरुमा गरेको लगानी सहकारी सिद्धान्त र मूल्यमान्यता अनुरुप परलमूल्यमा लेखाङ्कन गरिएको छ ।

ख) लगानी नोक्सानी व्यवस्था: लगानीको हकमा नोक्सानीको अनुमान र त्यसका लागि कोषको व्यवस्था गरिएको छैन ।

४.३ स्थिर सम्पत्ति, ऱ्हासकट्टी तथा अपलेखन:

क) स्थिर सम्पत्तिहरु परलमोलमा लेखाङ्कन गरी असाधारण क्षति तथा कुल ऱ्हासकट्टी घटाई देखाइएको छ । एक वर्षभन्दा कम आयु भएका वस्तुहरु खरिद गरिएको वर्षमै खर्च जनाइएको छ । एक वर्षभन्दा बढी आयु भएका प्रतिइकाई मूल्य रु ५००।०० भन्दा कम लागत भएका वस्तुहरुलाई भने सोही वर्ष खर्च जनाइएको छ । अपलेखन गरिएको उक्त रकमलाई नाफा नोक्सान हिसावमा देखाइएको छ ।

ख) संस्थाले खरिद गरेको सफ्टवेयर प्रयोग सुरु गरेको मितिलाई आधार मानी परल मोलमा पूंजीकृत गरिएको छ । उक्त खर्चलाई पांच वर्षको प्रयोग आधार मानिएको छ ।

ग) ऱ्हासकट्टी: सम्पत्तिको ऱ्हासकट्टीको सन्दर्भमा आयकर ऐन २०५८ र संस्थाको आर्थिक नीति अनुसार घटदो प्रणाली अनुसार ऱ्हासकट्टी गरी नाफा नोक्सान हिसावमा खर्च लेख्ने गरिएको छ । स्थिर सम्पत्ति अपलेखन गर्दा सिर्जना हुने नाफा वा नोक्सानलाई हिसावमा लेखाङ्कन गरिएको छ ।

घ) व्याज तथा ऋण असुली: ऋणको असुली गर्दा हर्जाना, व्याज र सांवाको क्रममा असुली गर्ने गरिएको छ ।

४.४ अग्रीम भुक्तानी:

भविष्यमा प्राप्त गर्न सकिने सेवाको व्यवस्थाको लागि अग्रीम रुपमा भुक्तानी गरिएको रकम नै अग्रीम भुक्तानी हुन । अग्रीम भुक्तानीलाई भुक्तानी गरेको मितिमा नै पूर्ण मूल्यमा सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ । सेवा प्राप्त गरेपछि वा सेवाको समयावधि समाप्त भएपछि अग्रीम भुक्तानीको रकम अपलेखन गरिन्छ ।

४.५ बचत:

संस्थाले बचत अन्तरगत दैनिक, मासिक, अनिवार्य, मुद्धती, कर्मचारी, विशेष बचत स्वीकार गरेको छ । बचत नीति अनुरुप स्वीकार गरिने यस्ता बचतहरुमा निश्चित अवधि तोकी व्याज दिइने गरिएको छ । प्राप्त भएको मितिमा पुरा मूल्य लेखाङ्कन गरिने अवधि सकिएपछि माग्न आएको बखत तत्काल भुक्तानी दिइने र फछ्र्यौट गर्ने गरिन्छ ।

Regd Auditor
Krishna P. Paudel
COP 148 'B'
Memb. No. 481
K.P. ... Simara

४.६ व्यवस्थाहरु:

व्यवस्थाहरु अनिश्चित समय तथा अनिश्चित रकमका दायित्वहरु हुन । यसलाई दायित्वको रुपमा त्यतिवेला लेखाङ्कन गरिन्छ जव संस्थाको विगतका घटनाक्रमबाट दायित्व (कानूनी वा संरचनात्मक) अवस्था उत्पन्न हुन्छ र ती दायित्वको निसर्गका बखत आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना रहेको हुन्छ र त्यस्ता दायित्वलाई विश्वसनीय तवरबाट गणना गर्न सकिने अवस्था रहन्छ ।

व्यवस्थाको गणना गर्दा हालको अवस्था, विगतका अभ्यास र स्वीकृति नीतिहरुको अधीनमा रही गरिन्छ । अनिश्चित समय तथा अनिश्चित रकमका दायित्वहरु जस्तै लेखापरीक्षण शुल्क, कर्मचारी बोनस आदि जस्ता खर्चहरुको व्यवस्था गर्ने गरिएको छ ।

४.७ व्याज आम्दानी:

सहकारी मापदण्ड २०६८ बमोजिम सहकारीले गरेको ऋण लगानीमा प्राप्त हुने व्याजलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाइएको छ । यद्यपि यो लेखामानको सर्वमान्य सिद्धान्त विपरित छ । नगद प्राप्त हुन बांकी रहेको व्याजलाई पूंजीकरण गरिएको छैन । त्यस्तै बैंक मौज्दातबाट प्राप्त व्याजलाई आम्दानीको रुपमा लिइएको छ ।

४.८ अन्य सञ्चालन आम्दानीलाई पनि पाकेको आधारमा लेखाङ्कन गरिएको छ । अन्य सञ्चालन आम्दानीमा प्रवेश, व्यवस्थापन, निवेदन, खाता सञ्चालन, खाताबन्दी र कमिशन आदि रहेका छन ।

४.९ शेयरमा गरिएको लगानीमा भएको लाभांशलाई प्राप्तिको अधिकार स्थापित भएको आधारमा लेखाङकन गरिएको छ । संस्थाले प्राप्त गरेको नगद लाभांशलाई स्रोतमा करकट्टीपूर्व लेखाङ्कन गरिएको छ ।

४.१० वचत/निक्षेप दायित्व तथा सापटीमा तिर्नुपर्ने व्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ ।

४.११ कर्मचारी सुविधाहरु:

क) कर्मचारी सञ्चयकोष: सञ्चयकोषमा सहकारीले योगदान गरेको रकमलाई खर्चमा देखाई अवकाश कोषमा जम्मा गर्ने व्यवस्था छ ।

ख) संचित बिदा: शोधभर्ना लिन सकिने संचित बिदाको रकमलाई सहकारीको मानव संसाधन नीति अनुसार पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

ग) उपदान: सहकारीको मानव संसाधन नीति अनुसार कर्मचारीहरुले संस्थामा काम गरेको निश्चित अवधि पछिमात्र उपदान दायित्व सृजना हुने प्रावधान रहेको छ । उपदान दायित्व वापतको रकम अवकाश कोषमा जम्मा गर्ने व्यवस्था छ ।

४.१२ आयकर व्यवस्था:

आयकर व्यवस्था आयकर ऐन २०५८ र आर्थिक विद्येयक २०७४ बमोजिम गरिएको छ ।

४.१३ बैक मौज्दात

४.१४ वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल तथा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । यस परिप्रेक्ष्यमा, वासलात मिति पश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिईएको छ र यसलाई लेखा टिप्पणीमा उपयुक्त रुपमा प्रस्तुत गरिएको छ ।

४.१५ पर्ल्स अनुगमन प्रणालीको अवलम्वन

संस्थाको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity र Sign of Growth) अनुगमन प्रणाली लागु गर्न सहज हुनेगरी राखिएको छ । पर्ल्स विश्लेषणका विगत दुई वर्षका महत्वपूर्ण सूचक र अवस्थाहरुलाई अनुसूचिमा देखाईएको छ ।

K.P. Paudel & Associates
Krishna P. Paudel
COP No. 48 'B'
Simara, Bara

# गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

विरगंज १३, पर्साको

अनुसुचि नं. २६

## लेखासम्वन्धी टिप्पणीहरु

१· शेयर पूंजी तथा सदस्य संख्या:
विभिन्न वर्षहरुमा संस्थाको शेयर पूंजी तथा सदस्य संख्यामा निम्नलिखित टिप्पणीहरु भएका छन:

| आ· व· | शेयर पूंजी (रु) | | | |
|---|---|---|---|---|
| | सुरु | थप | घट | जम्मा |
| २०७३।०७४ | ३५,८४,५००।०० | (१,१४,६००।०० | ०।०० | ३४,६९,९००।०० |
| | सदस्य संख्या | | | |
| | सुरु | थप | घट | जम्मा |
| | ११०१ | ६१ | | ११६२ |

२· जगेडा कोष:
सहकारी विभागद्वारा जारी गरिएको सहकारी ऐन २०४८ को दफा २७ र संस्थाको विभिनयम बोजिम नाफा नोक्सान बांडफांड हिसावबाट विनियोजन गरी जगेडामा रकमान्तर गर्ने व्यवस्था गरिएको छ । चालु आ· व· मा खुद नाफाको २५ प्रतिशतले हुन आउने रकम रु· ३५,४०१।०५ जगेडा कोषमा रकमान्तर गरिएको छ । सहकारी मापदण्ड बमाजिम संरक्षित पूंजी कोष र कर्मचारी बोनस कोषमा खर्च नभई बांकी रहेको रकम पनि जगेडा कोषमा गरिएको छ । नियमित आयको कुनै पनि रकम प्रत्यक्ष रुपमा जगेडा कोषमा लगिएको छैन ।

३· अन्य कोषहरु:
बचत बांडफांडबाट सिर्जित कोषहरु:
संस्थाको खुद बचतबाट विनियम बमोजिमको रकम जगेडा कोषमा जम्मा गरेपछि बांकी रहन आएको रकम मध्येबाट तोकिएबमोजिमका कोषहरु खडा गरिएको छ:

| विवरण | प्रतिशत | रकम |
|---|---|---|
| शेयर लाभांश कोष | २० | २१,२४०।६३ |
| संरक्षित पूंजी फिर्ता कोष | ३० | ३१,८६०।९५ |
| कर्मचारी बोनस कोष | १५ | १५,९३०।४७ |
| सहकारी शिक्षा कोष | १० | १०,६२०।३२ |
| संस्था विकास कोष | १० | १०,६२०।३२ |
| घाटापूर्ति कोष | ५ | ५,३१०।१६ |
| डुवन्ते ऋण कोष | ६ | ६,३७२।१९ |
| स्थिरीकरण कोष | ४ | ४,२४८।१३ |

ऐच्छिक कोषहरु:
सहकारी मापदण्ड, संस्थाको विनियम र नीति अनुसार ऋण जोखिम कोषमा रु १,६२,१९१।८८ थप गरी रु ४,६३,८४३।६० पुऱ्याइएको छ ।

४· शाखा हिसाव मिलानको अवस्था:
संस्थाको अन्तरशाखा तथा सेवा केन्द्र नरहेको र सम्पूर्ण कारोवार मुख्य कार्यालयबाट गर्ने भएकोले शाखा

हिसाव मिलानको आवश्यकता देखिएन ।

५· ऋण लगानी

५.१ ऋणको गतिविधि:

| विवरण | संख्या | सुरु मौज्दात | लगानी | असुली | बांकी मौज्दात |
|---|---|---|---|---|---|
| कृषि कर्जा | | ५७२,४५२।०० | १,७००,०००।०० | २८२,७४५।०० | १,९८९,७०७।०० |
| व्यापार व्यवसाय ऋण | | १९३६७१९९।३९ | ३०९५१७३२।०० | २६,१०६,७७१।३४ | २४,२१२,१६०।०५ |
| कर्मचारी कर्जा | | २७२,५२१।०० | ३६१,२८८।३० | ३३९,०४३।०० | २९४,७६६।३० |
| समुह कर्जा | | २९०२७७४।६६ | १८,६००,७२०।०० | ८,८८३,२२४।६६ | १२,६२०,२७०।०० |
| हायर ऋण | | ५,२५५,०५५।०० | ५८७७६२१।०० | ६,८२३,६५६।३२ | ४,३०९,०१९।६८ |
| घर ऋण | | १,७८५,९२४।०० | १,३८१,६६२।०० | १,७६२,९९३।०० | १,४०४,५९३।०० |
| जम्मा | | ३०,१५५,९२६।०५ | ६१,३०१,२२६।३० | ४५,०८४,६१४।३२ | ४६,३७२,५३८।०३ |

संस्थाले चालु आ· व· मा ५३·७८ प्रतिशत अर्थात रु १,६२,१६,६११।९८ वृद्धि भई रु ४,६३,७२,५३८।०३ पुगेको छ ।

६· बचत गतिविधि:

संस्थाको बचत गतिविधि तपसिल बमोजिम रहेको छ:

| क्र· सं· | विवरण | शुरु मौज्दात | यस वर्ष जम्मा | यस वर्ष फिर्ता | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|
| १ | अनिवार्य बचत | ५०३,११०।०० | ३३७,३४०।०० | ७७,५१५।०० | ७६२,९३५।०० |
| २ | विशेष बचत | १२,३६६,३९१।३३ | ११७,४९८,४६५।८० | ११२,५९९,३३०।६६ | १७,२६५,५२६।४७ |
| ३ | साधारण बचत | १३१,७९५।०० | २३१,१८६।०० | १२५,८०९।०० | २३७,१७२।०० |
| ४ | कर्मचारी बचत | ४०२,५६७।०० | ३१०,९८४।०० | १९७,१९५।०० | ५१६,३५६।०० |
| ५ | २ वर्षे बचत खाता | ४७,२८२।०० | ७९,९९६।०० | ८९५०१।०० | ३७,७७७।०० |
| ६ | ३ वर्षे बचत खाता | ३२०,६३१।०० | ६१८,४१२।०० | २५९,६७५।०० | ६७९,३६८।०० |
| ७ | ३,४,५वर्षे बचत खाता | ०।०० | ३५,०००।०० | ०।०० | ३५,०००।०० |
| ८ | ५ वर्षे बचत खाता | ५९,०७६।०० | ८८,७३३।०० | ८९,५४०।०० | ५८,२६९।०० |
| ९ | ६ वर्षे बचत खाता | ४,०५६,४४६।०० | २,४६९,०२४।०० | ९३५,८१८।०० | ५,५८९,६५२।०० |
| १० | मुद्धत्ति खाता ६ महिने | ०।०० | ३०,०००।०० | ०।०० | ३०,०००।०० |
| ११ | मुद्धत्ति खाता १ वर्षे | ६३५६४३।०० | १,७३८,७६५।०० | १,०८९,९२८।०० | १,२८४,४८०।०० |
| १२ | मुद्धत्ति खाता २ वर्षे | १०८१५०।०० | १३२,१९२।०० | १४७१९२।०० | ९३,१५०।०० |
| १३ | मुद्धत्ति खाता ३ वर्षे | ०।०० | ७०,०००।०० | ०।०० | ७०,०००।०० |
| १४ | मुद्धत्ति खाता ५ वर्षे | १५७२५४९।९७ | १,२४०,४८६।०० | ९९४५४८।०० | १,८१८,४८७।९७ |
| १५ | मुद्धत्ति खाता ७ वर्षे | ७३५६००।०० | १४१,०००।०० | ०।०० | ८७६,६००।०० |
| १६ | मुद्धत्ति खाता १२५ वर्षे | ४०५०००।०० | ०।०० | ०।०० | ४०५,०००।०० |
| १७ | ऋण बचत | १३३९३।०० | ६१२,२१०।०० | ६१९८९६।०० | ५,७०७।०० |
| १८ | समुह बचत | ६४४७।०० | २७६,८१०।०० | ३२००।०० | २८०,०५७।०० |
| जम्मा | | २१,३६४,०८१।३० | १२५,९१०,६०३।८० | ११७,२२९,१४७।६६ | ३०,०४५,५३७।४४ |

K.P. Paudel & Associates
Regd. Auditor
Krishna P. Paudel
COP ... 'B'
...814
Simara, Bara

७ भारित औसत व्याजदरमा अन्तर:

| विवरण | चालु आ· ब· (प्रतिशत) | गत आ· ब· (प्रतिशत) |
|---|---|---|
| ऋण लगानीमा भारित औसत व्याज आम्दानी दर | १७।१८ | १७।८९ |
| बचतमा भारित औसत व्याज आम्दानी दर | ११।२५ | ११।१४ |

८· कर्मचारी ऋण संस्थाको ऋण नीति अनुरुप प्रदान गरिएको छ । सदस्यहरुलाई गरिने लगानीकै एकरुप हुने गरी लगानी गरेको पाइयो । विशेष व्यवस्था अनुरुप लगानी गरेको पाइएन ।

९· आयकर व्यवस्था:
९.१ आयकर: आ· व· २०७३।०७४ मा आयकर वापत रु· ३५,४०१।०५ व्यवस्था गरिएको छ । आयकरको हिसाव आयकर ऐन २०५८, नियमावली र आर्थिक अध्यादेशको आधारमा गरिएको छ ।
९.२ अग्रीम आयकर: आ· व· २०७३।०७४ को लागी मा रु· १५,७५७।९६ जम्मा गरिएको छ ।

१०· कर्मचारी बोनस सम्वन्धी व्यवस्था:
बोनस ऐन २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । संस्थाले आ· ब· २०७३।०७४ का लागि बोनसबापत रु· १५,९३०।४७ व्यवस्था गरेको छ । जुन १० प्रतिशत भन्दा कम हो ।

११· संस्थाले विभिन्न निकायबाट धितो राखी वा नराखी बाह्य कर्जा लिएको छ । संस्थाले आ· व· २०७३।०७४ को बाह्य ऋण यस प्रकार छ:

| विवरण | अवधि | शुरु मौज्दात | थप | घट | अन्तिम रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भाखा नाघेको | भाखा ननाघेको | जम्मा |
| ष्टिय सहकारी बैक | | १०,६१२,१४०।१४ | १८,४२७,२०२।७६ | ९,९३३,२७५।४९ | ०।०० | १९,१०६,०६७।४१ | १९,१०६,०६७।४१ |
| य | | | | | | | |
| | जम्मा | १०,६१२,१४०।१४ | १८,४२७,२०२।७६ | ९,९३३,२७५।४९ | ०।०० | १९,१०६,०६७।४१ | १९,१०६,०६७।४१ |

१२· प्रति शेयर खुद बचत (नाफा)

| विवरण | आ· व· २०७३।०७४ | आ· व· २०७२।०७३ | कैफियत |
|---|---|---|---|
| खुद बचत | १४१,६०४।२० | १,०४,३९८।१२ | |
| शेयर संख्या | ३४६९९ | ३५,८४५ | |
| प्रति शेयर खुद बचत | ४।०८ | २.९१ | |

१३· पर्ल्स अनुगमनको पालना:
संस्थाले पर्ल्स अनुगमन प्रणाली अनुसार आफनो संस्थाको अवस्थाको विश्लेषण गरिएको छ । पर्ल्सको प्रतिवेदन अनुसूचि मा उल्लेख छ ।

१४· संलग्न पक्षवीच कारोवारको विवरण:
संस्थाका सञ्चालकहरु, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरु, व्यवस्थापक र अन्य कर्मचारीहरुको आर्थिक संलग्नता रहेको व्यवसाय र संस्थासंग चालु आ· व· २०७३।०७४ मा भएको आर्थिक कारोवार देखिएन ।

K.P. Paudel & Associates Regd. Auditor Krishna Pd. Paudel COP 31

१५. व्यवस्थापन तहका कर्मचारीहरुलाई प्रदान गरिएको सुविधा:
व्यवस्थापन तहका कर्मचारीलाई निम्न लिखित सुविधाहरु उपलव्ध गराइएको छ:

क) कर्मचारी सेवा नियमावली अनुसारको सुविधा
ख) बोनस ऐन अनुसार मुनाफाबाट उपलव्ध गराइएको
ग) बिदा सुविधा

व्यवस्थापन तहका कर्मचारीको कुल संख्या ४

१६. सञ्चालक समितिका सदस्यहरुलाई प्रदान गरेको सुविधा:
सञ्चालक समिति, लेखा समिति र उपसमितिहरुलाई दिइएको भुक्तानी र सुविधा यसप्रकार छ:

| विवरण | आ. व. २०७३।०७४ | आ. व. २०७२।०७३ |
|---|---|---|
| वैठक भत्ता | ०।०० | २७,३००।०० |
| अन्य | ०।०० | ०।०० |

१७ सञ्चालन तथा व्यवस्थापनमा रहेका प्रमुख व्यक्तिहरु:

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १ | उमेश साह तुरहा | अध्यक्ष |
| २ | ओम प्रकास महतो मुनिया | उपाध्यक्ष |
| ३ | अशोक राउत अहिर | सचिव |
| ४ | जुवेर बाबु अंसारी | कोषाध्यक्ष |
| ५ | श्रमति दिपमाला देवी श्रीवास्तव | सह सचिव |
| ६ | ईम्ताज मियां | सञ्चालक |
| ७ | रंजिता कुमारी श्रीवास्तव | सञ्चालक |
| ८ | रवि भुषण श्रीवास्तव | व्यवस्थापक |

संस्था व्यवस्थापनमा सञ्चालक समितिका पदाधिकारीहरु कार्यकारी रुपमा संलग्न रहेको छैन । व्यवस्थापक मात्रै संस्थाको दैनिक सञ्चालन तथा व्यवस्थापनमा रहेको पाइयो ।

१८. व्यवस्थापन प्रमुख र अन्य व्यक्तिलाई संस्थाले गरेको भुक्तानी:

| क्र. सं. | नाम र थर | पारिश्रमिक रु | भत्ता रु | अन्य रु |
|---|---|---|---|---|
| १ | रवि भुषण श्रीवास्तव | १९,८००।०० | ० | ० |
| | | | | |

१९. जोखिम व्यवस्थापनको प्रस्तुतीकरण:
संस्थाले जोखिम न्युनीकरणका लागि विभिन्न उपायहरुको अवलम्वन गरेको छ । सूचना तथा प्रविधिको प्रयोग, आन्तरिक जांच तथा अनुगमनको काम भएको छ ।

केपी पौडेल एण्ड एशोसिएट्स
सिमरा, बारा ।